# प्रदेश नं. ५ प्रदेश सञ्चार नीति, २०७५

## पृष्ठभूमि

नेपालको संविधानले प्रत्याभूत गरेको खुला, जनमुखी, पारदर्शी र जवाफदेही राज्य व्यवस्थालाई मूर्त रुप दिन स्वतन्त्र, उत्तरदायी र जिम्मेवार आम सञ्चार माध्यमको भूमिकालाई आत्मसात गर्दै, नागरिकको सुसूचित हुन पाउने र अभिव्यक्त गर्न पाउने सम्बन्धी अन्तर्राष्ट्रिय मान्यतालाई समेत ध्यानमा राख्दै, सञ्चार माध्यम तथा सञ्चारकर्मीको स्वतन्त्रताको संरक्षण गर्ने व्यवस्था मिलाउन र प्रदेशमा सञ्चार क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि प्रदेश सरकारबाट "प्रदेश नं. ५ प्रदेश सञ्चार नीति, २०७५" जारी गरिएको छ ।

## १. लक्ष्य

१.१. नागरिकको सुसूचित हुन र अभिव्यक्त गर्न पाउने सम्बन्धी हक, अधिकारको संरक्षण गर्ने ।

१.२. सञ्चार माध्यम तथा सञ्चारकर्मीको स्वतन्त्रताको संरक्षण गर्ने व्यवस्था मिलाउने ।

## २. उद्देश्यहरू

२.१. स्वतन्त्रतालाई मूर्त रूप दिन तथा स्वच्छ, निष्पक्ष, लोकतान्त्रिक मूल्य मान्यतामा आधारित आत्मनिर्भर, जवाफदेही र उत्तरदायी सञ्चारको विकास गर्ने।

२.२ प्रदेश भित्रका सबै क्षेत्र र समुदायमा सूचनाको पहूँच विस्तार गरी प्रदेश सरकार र जनता बीच नजिकको सम्बन्ध कायम गर्ने ।

२.३. सञ्चारका माध्यममा नवीनतम प्रविधिको विकास र विस्तार गरी ज्ञानमा आधारित समाजको निर्माण गर्ने ।

२.४. सञ्चार क्षेत्रको गुणस्तर वृद्धि गरी जिम्मेवार, उत्तरदायी, मर्यादित र विश्वसनीय बनाउँदै सञ्चार माध्यमको व्यावसायिकतामा जोड दिने ।

२.५. प्रदेशको विविधतालाई सम्बोधन गर्दै सञ्चार क्षेत्रलाई समावेशी तथा लैङ्गिक मैत्री बनाउने ।

२.६. सञ्चार क्षेत्रमा ज्ञान, सीप, योग्यता र क्षमतायुक्त जनशक्ति भित्र्याई यसलाई मर्यादित पेशाका साथै आकर्षक रोजगारीको क्षेत्रका रुपमा विकास गर्ने ।

२.७. सञ्चार माध्यममा हुने लगानीलाई पारदर्शी बनाई यसलाई व्यावसायिक एवम् प्रतिस्पर्धी बनाउने ।

२.८. सञ्चार माध्यमको व्यावसायिकताको विकासका लागि विज्ञापन बजारलाई प्रवर्द्धन गर्ने ।

२.९. सामाजिक सञ्जालमा आधारित विद्युतीय सञ्चार माध्यमको दुरूपयोग रोकी यसका सकारात्मक प्रभावको प्रवर्द्धन गर्ने ।

## ३. आधारभूत नीति

३.१. संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन गर्न तथा प्रेस स्वतन्त्रतालाई सुनिश्चित गर्न प्रदेश स्तरमा सञ्चारको पूर्वाधार विकासलाई संस्थागत गरिनेछ ।

३.२. राष्ट्रिय अखण्डता, नागरिक बीचको सदभाव, राष्ट्रिय सुरक्षा, प्रदेशको विविधता र मौलिकताको संरक्षण संवर्द्धनमा सञ्चार माध्यमले प्रवाह गर्ने विषयवस्तुमा संवेदनशीलता अपनाउन स्वनियमनमा जोड दिइनेछ ।

३.३. प्रदेश भित्र सञ्चालन हुने छापा माध्यम र प्रसारणका माध्यममा कार्यरत जनशक्तिको योग्यता र क्षमता निर्धारण गरी तिनलाई जवाफदेही बनाइनेछ ।

३.४. सञ्चार माध्यमलाई स्थानीय जनताको सरोकार र प्रदेशका प्राथमिकताका क्षेत्रका साथै उपभोक्ता अधिकार तथा जनचेतना अभिवृद्धि, विपद् जोखिम न्यूनीकरण तथा सुशासन सम्बन्धी सामग्री प्रकाशन तथा प्रसारण गर्न प्रोत्साहित गरिनेछ ।

३.५. सञ्चारका माध्यमहरूको वर्गीकरण गरी प्रदेश सरकारबाट उपलब्ध हुने लोककल्याणकारी विज्ञापन तथा अन्य सहुलियत निर्धारण गरिनेछ ।

३.६. सञ्चार माध्यममा प्रस्तुत गरिने सामग्रीमा प्रदेश भित्रको विविधताको सम्बोधन गर्दै स्थानीय भाषाको प्रस्तुतिलाई प्रवर्द्धन गरी स्थानीय सामग्रीको प्रकाशन एवम् प्रसारण गर्न प्रोत्साहित गरिनेछ ।

३.७. विदेशी लगानीको निर्णायक भूमिका हुने गरी सञ्चार माध्यम सञ्चालन गर्न कानूनी रुपमा रोक लगाइने छ । नेपाली नागरिक मात्रै सञ्चार माध्यममा सञ्चारकर्मी तथा कर्मचारी हुनसक्ने नीति लिइनेछ ।

३.८. विदेशी पत्रपत्रिकाको नेपाली संस्करण वा मुद्रण एवम् विदेशी रेडियो र टेलिभिजनको प्रसारण, पुनः प्रसारण, रिले प्रसारण र विदेशी उत्पादनको प्रसारण यस प्रदेशबाट हुने भएमा त्यस्ता प्रसारणलाई नेपालको संविधानको मर्म र भावना एवम् प्रदेशको मौलिक संवेदनशीलतामा असर नपर्ने गरी प्रकाशन वा प्रसारण गर्न कानूनद्वारा व्यवस्थित गरिनेछ।

३.९. जनताको सूचनाको अधिकार र राज्यको नागरिक प्रतिको दायित्व बहन गर्न प्रदेशका सबै क्षेत्र र समुदायमा पुग्न सक्ने गरी सार्वजनिक सेवा प्रसारण समेतको व्यवस्था मिलाउन एक स्वायत्त निकायको रुपमा "**प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठान**" स्थापना गरिनेछ ।

३.१०. सञ्चार माध्यममा सरकारी विज्ञापनको समानुपातिक वितरण, श्रमजीवी पत्रकार र कर्मचारीको श्रम विवादमा मध्यस्थता, सञ्चार माध्यमहरुमा आचार संहिता तथा स्वनियमनको प्रवर्द्धन तथा सञ्चार माध्यम विरुद्धको उजुरी सुनुवाई, सञ्चारकर्मीको क्षमता विकास लगायतका आवश्यक कार्य गर्ने व्यवस्था मिलाइनेछ ।

३.११. सञ्चार क्षेत्रमा निरन्तर रुपमा लामो समय काम गरेका पत्रकारहरुको ज्ञान, सीप, क्षमता तथा अनुभवको कदर गर्ने व्यवस्था मिलाइनेछ र उनीहरुको अनुभव नयाँ पुस्तामा हस्तान्तरण गर्न प्रोत्साहन गरिनेछ ।

३.१२. सञ्चारकर्मी तथा कर्मचारीको सामाजिक सुरक्षा तथा कार्यस्थलजन्य जोखिम न्यूनीकरणका लागि एक योगदानमा आधारित **"सञ्चारकर्मी सुरक्षा कोष"** स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।

३.१३. केवुलमा आधारित सञ्चार माध्यमहरुलाई व्यवस्थित गरिनेछ ।

३.१४. कानून पालना नगर्ने सञ्चार माध्यमलाई प्रदेश सरकारबाट प्राप्त हुने सवै प्रकारका सुविधाबाट वञ्चित गरिनेछ ।

३.१५ सञ्चार माध्यमहरूलाई जुनसुकै अवस्थामा पनि सञ्चालन हुन सक्ने गरी सुरक्षा व्यवस्था मिलाइनेछ ।

## ४. <u>विषयगत नीति</u>

### ४.१. प्रसारण सेवा

४.१.१. संघीय सरकारबाट उपलब्ध गराइने फ्रिक्वेन्सी प्रदेश सरकारबाट बाँडफाँट गरिनेछ । कुनै एक व्यक्ति, संस्था वा सञ्चालकलाई एक भन्दा बढी फ्रिक्वेन्सी उपलब्ध गराइने छैन ।

४.१.२. फ्रिक्वेन्सी राष्ट्रिय श्रोत भएकाले यसको खरिद विक्रिलाई निरुत्साहित गर्न प्रसारण संस्थाको स्वामित्व खरिद, बिक्रि वा हस्तान्तरण भएपनि सो प्रसारण संस्थाले उपयोग गरेको फ्रिक्वेन्सी खरिद, बिक्रि वा हस्तान्तरण भएको मानिने छैन । यसैगरी एकपटक फ्रिक्वेन्सी प्राप्त गरिसकेपछि ३ वर्षसम्म नविकरण नभएको अवस्थामा सो फ्रिक्वेन्सीमा प्रसारण गर्न दिइने छैन । यस्ता फ्रिक्वेन्सीहरुलाई पुनः नयाँ सरह वितरण गर्ने व्यवस्था गरिनेछ ।

४.१.३. प्रसारण क्षेत्रका इजाजत प्राप्त संस्थाले परस्पर सहमतिमा पूर्वाधारहरुको सहप्रयोग तथा साझेदारी गर्न चाहेमा त्यस्ता प्रयासलाई प्रोत्साहन गरिनेछ ।

## ४.२ प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठान

४.२.१. प्रदेश सरकारले सञ्चालन गर्ने सार्वजनिक सेवा प्रसारणको समेत व्यवस्थापन मिलाउन "प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठान" को स्थापना गरिने छ । साविकका सार्वजनिक सञ्चार माध्यमका क्षेत्रीय प्रकाशन/प्रसारण केन्द्रहरूलाई प्रादेशिक संरचनामा ल्याई प्रतिष्ठान मार्फत व्यवस्थापन गरिनेछ ।

४.२.२. प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठानमा सूचना तथा सञ्चार क्षेत्रमा अनुभव प्राप्त व्यक्तिलाई नियुक्त गरी सार्वजनिक उत्तरदायित्व सहितको स्वतन्त्र र व्यवसायिक संस्थाका रुपमा विकास गर्ने व्यवस्था गरिनेछ ।

४.२.३. सञ्चार माध्यममा प्रसारण हुने विषयवस्तुलाई समावेशी बनाउँदै स्थानीय जनताको सरोकारका विषय, सचेतनामुखी कार्यक्रम, प्रदेश भित्रका संस्कृतिहरुको संरक्षण एवम् जगेर्ना गर्न प्रोत्साहन गरिनेछ ।

## ४.३ निजी एवम् व्यवसायिक प्रसारण

४.३.१. निजी क्षेत्रबाट प्रसारण हुने एफ.एम्. रेडियो र टेलिभिजन लगायतका प्रसारण माध्यमलाई स्वतन्त्र, जवाफदेहि, निष्पक्ष र व्यवसायिक संस्थाका रूपमा सञ्चालन हुने वातावरण सिर्जना गरिनेछ ।

४.३.२. प्रसारण माध्यमलाई क्षमता र लगानीका आधारमा ठूला, मझौला र साना तथा उद्देश्यका आधारमा सामुदायिक र व्यवसायिक गरी वर्गीकरण गरिने छ । सामुदायिक प्रसारण संस्थालाई अनुदान र अन्य सहुलियतमा विशेष प्राथमिकता दिइनेछ ।

४.३.३. एफ.एम रेडियोको सञ्जाल (नेटवर्किङ) मार्फत हुने प्रसारणका कारण प्रदेश भित्रका भाषा, संस्कृति र रहन सहनमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न नेटवर्किङ वा रिले प्रसारण गर्नु पूर्व प्रदेश सरकारबाट अनुमति लिनुपर्ने व्यवस्था गरिनेछ ।

४.३.४. सञ्चार माध्यमबाट प्रसारण हुने कार्यक्रमको गुणस्तरीयता र जवाफदेहिता वहन गर्ने संस्कृतिको विकास गर्न प्रसारकको योग्यता सम्बन्धी व्यवस्था गरिनेछ ।

## ४.४ सामुदायिक प्रसारण

४.४.१ उपभोक्ता समूह, स्थानीय तह, सार्वजनिक यातायात, जलवायु परिवर्तन, हावापानी तथा मौसम, जनस्वास्थ्य, पर्यटन र कृषिसँग सम्बन्धित सरकारी निकाय, गैरसरकारी संस्था वा सहकारी, स्थानीय क्लव, गुठी, सामुदायिक वा सार्वजनिक शैक्षिक संस्थाको स्वामित्वमा रहेको नाफा आर्जन नगर्ने उद्देश्यका साथ सञ्चालित एफएम, रेडियो र टेलिभिजनहरूलाई सामुदायिक सेवा प्रसारणका रूपमा लिइनेछ ।

## ४.५. सूचना संकलन र वितरण

४.५.१. प्रदेश भित्र भएका घटनालाई समाचारका रुपमा संकलन गरी सञ्चार माध्यमलाई उपलव्ध गराउने व्यवसायिक प्रयोजनका लागि समाचार समिति जस्ता संस्था स्थापना गर्न निजी क्षेत्रलाई समेत प्रोत्साहित गरिनेछ ।

४.५.२. प्रदेश सरकार र विभिन्न निकायहरूबाट प्रदेश भित्रका महत्वपूर्ण सूचना संकलन गरी सूचना बैंकको रूपमा संग्रह र वितरण गर्न प्रदेश स्तरीय एक सूचना केन्द्र स्थापना गरिनेछ ।

## ४.६ छापा सञ्चार माध्यम

४.६.१. प्रदेश स्तरका छापा माध्यमको दर्ता, अभिलेख, वर्गीकरण र नियमन गर्ने व्यवस्था मिलाइने छ । दर्ता भई तोकिएको समय भित्र प्रकाशन नभएको पत्र पत्रिकाको नाम नयाँ पत्रिका दर्ता गर्न चाहने व्यक्ति वा संस्थाले प्रयोग गर्न पाउने व्यवस्था गरिनेछ।

४.६.२. छापा सञ्चार माध्यमलाई उपलव्ध गराइने लोक कल्याणकारी विज्ञापनलाई औचित्यका आधारमा वितरण गर्ने व्यवस्था मिलाइनेछ । अनुदानका लागि मात्र पत्रपत्रिका प्रकाशन गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

४.६.३. विविध विधामा गरिने पत्रकारिताको प्रवर्द्धन गर्दै प्रदेश भित्र प्रचलनमा रहेका स्थानीय भाषामा समेत पत्रपत्रिकाको प्रकाशन गर्न प्रोत्साहन गरिनेछ ।

## ४.७ विद्युतीय सञ्चार माध्यम

४.७.१. अनलाइन तथा सामाजिक सञ्जालमा आधारित जुनसुकै विद्युतीय सञ्चार माध्यम दर्ता गरेर मात्र सञ्चालन गर्नु पर्नेछ ।

४.७.२. समाचारमूलक विद्युतीय सञ्चार माध्यमलाई वर्गीकरण गरी अन्य समाचार माध्यम सरह सुविधा र नियमनको व्यवस्था गरिनेछ ।

४.७.३. श्रोत पुष्टि नहुने, कसैको चरित्र हत्या हुने र गलत लाभ लिनेगरी वा आम मानिसमा हिंसा, आतंकलाई प्रोत्साहन गर्ने सामग्री प्रकाशन वा प्रसारण गर्न पाइने छैन । गलत नियतका साथ त्यस्तो सामग्री प्रकाशित गरेको पाइएमा साइवर सुरक्षा सम्वन्धी कानून अनुसार परिक्षणको व्यवस्था मिलाइनेछ ।

४.७.४. यस प्रदेशलाई लक्षित गरी अन्य प्रदेशबाट इन्टरनेटको माध्यमबाट सञ्चालन हुने विद्युतीय सञ्चार माध्यमको नियमनको व्यवस्था गरिनेछ ।

४.७.५. सूचना तथा सञ्चार प्रविधिको अवाञ्छित प्रयोगलाई निरुत्साहित गर्न इन्टरनेट सेवा प्रदायकसँग समन्वय र सहकार्य गरिनेछ ।

४.७.६. फेसबुट, युट्यूव लगायतका सामाजिक सञ्जालमा आधारित अन्य विद्युतीय माध्यमलाई नियमनको दायरामा ल्याई यसका सकारात्मक प्रभावको प्रवर्द्धन गर्न र दुरुपयोग नियन्त्रण गर्न नेपाल सरकार र अन्य प्रादेशिक सरकारसँग समन्वय गरिनेछ ।

**४.८ चलचित्र**

४.८.१. पर्यटकको गन्तव्यस्थलका रुपमा रहेका यस प्रदेशको पर्यटकीय स्थानको विकास र प्रवर्द्धन गरी राष्ट्रिय एवम् अन्तराष्ट्रिय चलचित्र छायाङ्कनस्थलको रुपमा विकास गर्न चलचित्र पर्यटनलाई प्रोत्साहन गरिनेछ । यस क्षेत्रमा चलचित्र छायाङ्कन गर्न आउने समूहलाई सुरक्षा र सहजीकरण गर्न विशेष व्यवस्था गरिनेछ ।

४.८.२. यस प्रदेशको मौलिकता एवम् संस्कृतिलाई प्रतिबिम्बित गर्ने, विभिन्न मातृभाषामा उत्पादित तथा प्रदेशको मौलिकता र पहिचानलाई प्रवर्द्धन गर्ने चलचित्रलाई सरकारले विशेष सुविधा तथा सहुलियत उपलव्ध गराउनेछ ।

**४.९ विज्ञापन**

४.९.१. प्रदेशभित्र सञ्चालित विज्ञापन एजेन्सीको दर्ता प्रदेशस्तरमा नै गर्ने व्यवस्था मिलाइने छ । प्रदेशस्तरीय वा राष्ट्रिय सञ्चार माध्यमबाट प्रसारण हुने प्रदेश भित्रका विज्ञापनलाई प्रदेशस्तरीय एजेन्सीबाट उत्पादन गर्ने व्यवस्थालाई प्रवर्द्धन गरिनेछ ।

४.९.२. आम उपभोक्तामा विज्ञापनले पार्ने नकारात्मक प्रभावको न्यूनीकरण गर्न र उपभोक्ताको उत्पादन र सेवा छनौट गर्न पाउने अधिकार सुनिश्चित गर्न अमर्यादित, अशोभनीय र संविधानको भावना प्रतिकूल विज्ञापन सामग्री प्रकाशन वा प्रसारण गर्न नपाइने व्यवस्था गरी उपभोक्ता हितको संरक्षण गरिनेछ ।

४.९.३. सञ्चारमाध्यमले राजनीतिक सङ्गठनका नाममा निर्वाचनको समय वा अन्य समयमा निर्वाचनको स्वच्छता र सार्वजनिक मर्यादामा प्रतिकूल प्रभाव पार्ने विज्ञापन वा अन्य सामग्री प्रसारण गर्न नपाउने गरी आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

४.९.४. सञ्चार माध्यमले कुनै निश्चित विचार, धर्म र आस्था अथवा ब्रान्ड, उत्पादन वा सेवाको मात्र प्रचार वा एकाधिकार रहने गरी प्रकाशन, प्रसारण वा प्रदर्शन गर्न नपाउने गरी आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

४.९.५. जनहितकारी विज्ञापन प्रसारण गर्न प्रसारकलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।

४.९.६. प्राकृतिक विपद्ले खडा गरेको सङ्कटका समयमा आवश्यक सूचना तथा सन्देश प्रवाह गर्न सहुलियत दरमा वा निःशुल्क प्रकाशन वा प्रसारणको व्यवस्था सुनिश्चित गरिनेछ।

४.९.७. कुनै उत्पादन वा सेवाका सम्बन्धमा गलत सूचना प्रवाह हुन नदिन त्यस्तो उत्पादन वा सेवा प्रवाह भएका सूचनाको कानूनी दायित्व सम्बन्धित विज्ञापनदाता, प्रकाशक र प्रसारकले वहन गर्नु पर्ने व्यवस्था गरिनेछ ।

४.९.८. होर्डिङ बोर्ड, विद्युतीय डिस्प्ले, विज्ञापन टावर, भित्ते लेखन र उच्च वेलुन जस्ता बाह्य (आउटडोर) विज्ञापन प्रदर्शन गर्न, राख्न वा जडान गर्न अनुमति दिइने क्षेत्र छुट्याई जनताको सुरक्षा, स्थानीय क्षेत्रको सौन्दर्य र वातावरणको स्वच्छता सुनिश्चित गर्न स्थानीय तह एवम् अन्य सम्बद्ध निकायसँगको सहकार्यमा आवश्यक व्यवस्था गरिनेछ।

४.९.९. विज्ञापनलाई स्थानीय स्तरका सञ्चारमाध्यममा वितरण गर्नका लागि प्रोत्साहन गरिनेछ ।

४.९.१०. विज्ञापन अतिरिक्त खर्च होइन लगानी हो भन्ने मान्यतालाई प्रवर्द्धन गरिनेछ ।

## ४.१० टेलिभिजन सिग्नल र केवुल वितरणसम्बन्धी व्यवस्था

४.१०.१. प्रकाशन र प्रसारण जस्तै अन्य विविध सामग्रीको वितरण समेत अभिव्यक्ति स्वतन्त्रतासँग जोडिएकाले टेलिभिजन सिग्नल र केवुल वितरणलाई डिजिटल प्रणालीमा रूपान्तरण गरिनेछ ।

४.१०.२. अव्यवस्थित तार एवम् केवलको व्यवस्थापनका लागि ताररहित प्रविधि एवम् भूमिगत माध्यमको प्रवर्द्धन गरिनेछ ।

४.१०.३. केवुल प्रसारकहरूले स्थानीय वा सामुदायिक टेलिभिजनको प्रसारणलाई प्राथमिकताका साथ प्रसारण गर्ने व्यवस्था मिलाइनेछ ।

## ५. नीति कार्यान्वयनको कानूनी व्यवस्था, अनुगमन तथा मूल्याङ्कन

५.१. यो सञ्चार नीति कार्यान्वयन गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

५.२. यो सञ्चार नीति कार्यान्वयन गर्दा स्थानीय तह र संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

५.३. यो सञ्चार नीतिको कार्यान्वयनको अनुगमन गर्न सरोकारवालाहरू समेत संलग्न एक अनुगमन समिति गठन गरिने छ ।

५.४ यो सञ्चार नीतिलाई प्रत्येक पाँच वर्षमा यसका असर तथा प्रभाव मूल्याङ्कन गरी पुनरावलोकन गरिनेछ ।

५.५ प्रदेश स्तरमा आवश्यक ऐन, कानून, संस्थागत व्यवस्था, जनशक्तिको व्यवस्था नभए सम्म संघीय ऐन, कानून, संस्थागत व्यवस्था र जनशक्ति परिचालन गरी यस नीति अनुसार सम्पादन गर्नु पर्ने नियमन र व्यवस्थापनका कार्य सम्पादन गरिने छ ।

**समाप्त**